नेपाली राजदूतावास
पेरिस, फ्रान्स

नेपाली राजदूतावास
पेरिस

समाचारको खण्डन

टिभिअन्नपूर्णको अनलाईनमा हिजोको मिति राखी यस राजदूतावासका राजदूतले पोर्चुगलमा नेपाली कामदार पठाउन अनुमति दिएको भन्नेसमेत व्यहोराको समाचारप्रति यस राजदूतावासको ध्यानाकर्षण भएको छ। यस राजदूतावासबाट नेपालबाट कृषि कामदार ल्याउन विगत दुईबर्षमा पोर्चुगलस्थित कुनै रोजगार कम्पनीको मागपत्र प्रमाणित नगरिएको र पोर्चुगलमा आएका नेपाली कृषि कामदारको संख्या, रोजगार कम्पनीबारे यस राजदूतावासलाई कुनै आधिकारिक सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराईन्छ । अवैतनिक वाणिज्यदूत तथा गैरआवासीय नेपाली संघका बारेमा उल्लिखित समाचारका सम्बन्धमा यथार्थ बुझी उनीहरुबाट गैर कानूनी कार्य भएको प्रमाणित भएमा आवश्यक कारबाहीका लागि पहल गर्न राजदूतावास प्रतिबद्ध रहेको छ । म.म. राजदूतको संलग्नता रहेको र सिफारिस वापत रकम लिएको भन्ने समाचार तथ्यहीन, कपोलकल्पित र भ्रामक हुँदा खेद प्रकट गर्दै खण्डन गर्दछ । यस्तो समाचार प्रकाशन गर्नु अघि यस राजदूतावाससंग तथ्य बुझी एकीन गर्नु उचित हुने व्यहोरा सम्बन्धित पक्षलाई अनुरोध समेत गर्दछ । नेपाल सरकारको वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउने नीति अनुरुप नै यस राजदूतावासले हेर्ने मुलुकहरुमा रहेका नेपाली कामदारहरुका सम्बन्धमा सम्बन्धित पक्षसंग समन्वय गरी आवश्यक कार्य गर्दै आएको र यस राजदूतावासले प्रदान गर्ने राहदानी तथा कन्सुलर सेवासमेत सहज, सरल, प्रभावकारी एवम् पारदर्शीरुपमा प्रदान गर्न कटिबद्ध रहेको व्यहोरासमेत जानकारी गराईन्छ ।

२७ डिसेम्बर २०१६
२०७३ साल पौष १२ गते ।